प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड ३ भाग २ संख्या ३७ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मितिः २०७७/५/१६

जनतासंग मेयर, उपमेयर कार्यक्रम सञ्चालनकार्यविधि २०७७

प्रस्तावनाः

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीयतह गरी तीन तहमा व्यवस्थित गर्दै स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ । संविधानको मूल मर्मलाई आत्मसाथ गर्दै स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं स्थानीय तह वीचको सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरसभा र नगर कार्यपालिकाको भूमिका तथा कार्यलाई स्पष्ट पार्दै नगरभित्र रहेका सबै सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता एवं व्यवस्थापनका लागि चरणबद्ध अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्ग दर्शन गर्ने, नगरभित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्वन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकत ाअनुसार उल्लेखित कार्यलाई थप स्पष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को को दफा ११ उपदफा २ को ण र द ले दिएको अधिकार प्रयोग गर्दै नगरपालिकाको बिद्येयक समितिको मिति४

कार्यविधिमा संशोधन :

यस कार्यविधिमा भएका व्यबस्थाहरु आबश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ । संशोधित व्यबस्थान गर कार्यपालिकाबाट पारित मिति देखी लागुहुनेछ

२०७७।०९। गतेको रनगर कार्यपालिकाकोमिति २०७७।९। गतेको वैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम"जनतासंग मेयर, उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि- २०७७" रहको छ ।

(ख) यो कार्यविधिनगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा :

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका."भन्नाले "प्यूठान नगर कार्यपालिकाको कार्यालय, प्यूठान" सम्झनु पर्दछ ।

(ख) "समिति"भन्नाले जनतासंग मेयर, उपमेयर कार्यक्रम सञ्चालन समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि"भन्नाले जिल्लाजनतासंग मेयर, उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

(घ) "सभा"भन्नाले संविधानको नगरसभा सम्झनु पर्दछ ।

(ङ) "प्रमुख"भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "उपप्रमुख"भन्नाले नगर उपप्रमुखलाइ सम्झनु पर्दछ ।

(छ) "कार्यालय"भन्नाले प्यूठान नगर कार्यपालिकाको कार्यालय, प्यूठान सम्झनुपर्दछ ।

(ज) "कर्मचारी"भन्नाले प्यूठान नगरकार्यपालिकाको कार्यालय, प्यूठानमा कार्यरत कर्मचारीलाई सम्झनुपर्दछ ।

(झ) "स्थानीयतह"भन्नाले गाँउपालिका, नगरपालिकालाई जनाउने छ ।

३. कार्यविधिको व्याख्या र कार्यान्वयनको अधिकार :

(क) यस कार्यविधिको व्याख्या गर्ने नगर कार्यपालिकामा निहित रहनेछ र सो नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयनगर्ने अधिकार समितिमा निहित रहने छ ।

४. कार्यविधिमा संशोधन : यस कार्यविधिमाभएकाव्यवस्थाहरु आवश्यकताअनुसार नगर कार्यपालिकाले संशोधनगर्न सक्नेछ । संशोधितव्यवस्थानगर कार्यपालिकाबाट पारित मिति देखीलागुहुनेछ ।

परिच्छेद-२
समितिको गठन

५. समितिको गठन:

क) नगरप्रमुख (मेयर)को संयोजकत्वमा उपप्रमुख (उपमेर) उपसंयोजक र प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिवरहने गरी नगर पालिका स्तरिय एक जनतासंग मेयर , उपमेयर कार्यक्रम सञ्चालन समिति रहनेछ ।

ख) नगरभित्र संचालनमा रहेका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारका विकास काक्रियाकलापहरु संग सम्वन्धीत विषयमा तत्काल सम्बोधन गर्नु पर्ने भएमा समितिको निर्णय गरी नगरसभाबाट सवीकृत बजेटको सिमाभित्र रहि कार्यान्वयन गरिनेछ ।

६. समितिको काम, कर्तब्य र अधिकार :

जनतासंग मेयर, उपमेयर कार्यक्रम सञ्चालन समितिको काम, कर्तब्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क. नगरभित्र सञ्चालित संघ, प्रदेश, स्थानीयतह, गैसस तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्वन्धी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम तथा योजना छनौटको प्रवन्ध मिलाउने ।

ख. नगरभित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।

ग. नगर भित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यहरुलाई सन्तुलित, चुस्त दुरुस्त, पारदर्शी, गुणस्तरिय एवम जवाफदेही ढंगले संचालनगर्न आवश्यक सुझाव एवम मार्गदर्शन दिने ।

घ. जनतासंग मेयर, उपमेयर कार्यक्रमका स्वीकृत बजेट सिमाका आधारमा माग भएका तथा देखिएका योजना तथा कार्यक्रमहरुलाई समितिको बैठकबाट योजना छनौट तथा बजेट निर्धारण गर्ने ।

ङ. छनौट गरएका योजना तथा कार्यक्रमहरु नगर कार्यपालिकाको बैठकमा जानकारी गराउने ।

च. छनौछमा परेका योजना तथा कार्यक्रमहरुको प्रभावकारीताको अनुगमन गर्ने । नगर सभाबाट स्वीकृत बजेट अपुग भएमा नगर कार्यपालिकाबाट थप बजेटको लागि प्रस्ताव पेश गर्ने र नगर सभाबाट अमुमोदन गराइ कार्यान्वयन गर्ने ।

ज. थप बजेट नगर कार्यपालिकाबाट स्वीकृत भएमा सो बजेटबाट सञ्चालनगर्ने योजनाको तयार गर्ने ।

६. लगानीका क्षेत्र :

जनतासंग मेयर,उपमेयर कार्यक्रमका लागानीका क्षेत्र देहाय बमोजिम हुने छन् ।

क) खानेपानी ख) सडक घ) भवन ङ) ढल निकास

च) उद्यमव्यबसाय, रोगारी तथा स्वरोजगारी हुने खालका योजना तथा कार्यक्रम

छ) प्रबिधि ज) क्षमता विकास तालिम झ) सिपविकास तालिम

ञ) दैवीप्रकोप ट) राहत ठ) स्वास्थ्यउपचार
ड) आर्थिक सहायता ढ) पर्यटन ण) वनतवरणीय कार्यक्रम तथा पुर्बाधार
त) अन्य सानापुर्बाधार थ) अन्य योजना तथा कार्यक्रमहरु

परिच्छेद-३

७. अनुगमनको समीक्षा,सुझाव,निर्देशन र प्रतिवेदन सम्वन्धि व्यवस्था :

१. समितिले आफैले गरेको अनुगमन वा नगरपालिकाको अनुगमन समितिको प्रतिवेदनका आधारमा जनतासंग मेयर, उपमेयर कार्यक्रम सञ्चालन कार्यबिधि उपर छलफल एवं समीक्षा गरी थप परिमार्जन गर्न सकिने छ । साथै विषयको गाम्भीर्यताका आधारमा सम्वन्धित निकायमा सुधारकालागि सुझाव वा निर्देशनदिन सक्ने छ ।

२. दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना सञ्चालन गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा समितिले काम रोक्का गर्न, वा कारवाही गर्न सक्नेछ ।

८. अनुगमनमा सम्वन्धित पदाधिकारीहरुलाई सहभागी गराउन सकिने :

समितिले अनुगमनको क्रममा आवश्यकत अनुसार आयोजना सञ्चालन गर्ने निकाय, गै.स.स. संघ संस्थाका प्रतिनिधि, सम्वन्धित विषयविशेषज्ञ र प्राविधिकहरुलाई समेत सहभागी गराउन सक्ने छ ।

परिच्छेद-४

विविध

९. बाधा अड्काउ फुकाउ, परिमार्जन र संशोधनः र खारेजी सम्वन्धी व्यवस्थाः

क. यस कार्यविधिका र्यान्वयनमा कुनै बाधा अड्काउ परेमानगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

ख. कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधनगर्न सक्नेछ

ग. यस कार्यविधिमा उल्लेखित कुराहरुलाई स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आशिक स्वीकृति गर्ने ,खारेज गर्ने सबै अधिकार नगर कार्यपालिकामा मानिहित रहनेछ ।

घ. यस कार्यविधिका कुनै दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागु भए पछि लगत्तै यसको नगर सभाले यसलाई अनुमोदन गर्नु पर्नेछ ।

१०. प्रचलित कानुन बमोजिम हुने :

क. यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिमहुने अन्य अनुगमन कार्यलाई वाधा पुर्‍याएको मानिने छैन ।

आज्ञाले
यज्ञ व. बुढा
२०७७/५/१६